नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : ०८१/०८२
च.नं. : ११२

मितिः २०८१।०६।१०
नेपाल संवत् ११४४

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरवार, काठमाडौं, नेपाल

विषयः **SEDP** प्रशिक्षण कार्यक्रम सम्बन्धी सूचना ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १९८ मिति २०८१।५।३१ को पत्र यसैसाथ संलग्न छ । उक्त पत्रबाट नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेलमा मिति २०८१ मंसिर २४ गते देखि सञ्चालन हुने Senior Executive Development Programme (SEDP) मा सहभागिताको लागि राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरहका अधिकृतहरु मनोनयन गरी पठाउन लेखि आएको हुँदा उक्त तालिम कार्यक्रममा सहभागी हुन इच्छुक यस मन्त्रालय वा अन्तरगतका निकायमा कार्यरत राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव वा सो सरहका अधिकृतहरुले प्रशिक्षार्थी मनोनयन फाराम भरी अद्यावधिक PIS विवरण समेत संलग्न गरी मन्त्रालयको कर्मचारी प्रशासन (बोर्ड/संस्थान/छात्रवृत्ति) शाखा वा agriadmin@moald.gov.np मा मिति २०८१।६।२० गते भित्र पठाउनु हुन निर्देशानुसार अनुरोध छ ।

२०८१/०६/१०

(प्रकाश दुलाल)
शाखा अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(मानव संसाधन योजना शाखा)

फोन ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०८१/०८२

चलानी नं.: १९८

मितिः- २०८१/०५/३१

विषयः- ***SEDP* मा सहभागी मनोनयन गरी पठाउने सम्बन्धमा।**

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय (सबै)।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सातै प्रदेश)।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरको च.नं. १०९/०८१/०८२ मिति २०८१/०५/२८ को पत्रानुसार उक्त प्रतिष्ठानमा यही मिति २०८१ मंसिर २४ गतेदेखि सञ्चालन हुने **Senior Executive Development Programme (SEDP)** मा सहभागिताको लागि राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरहका अधिकृतहरु मनोनयन गरी पठाइदिनुहुन भनि लेखी आएकोले तहाँ वा अन्तर्गत कार्यरत उक्त तालिम लिन ईच्छुक राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव वा सो सरहका कर्मचारीलाई जेष्ठताका आधारमा तोकिएको ढाँचा अनुसार विवरण खुलाई एवम् अद्यावधिक **PIS** विवरण समेत संलग्न गरी मिति २०८१/०६/३० भित्र मनोनयन गरी मन्त्रालयको ईमेलः **hrd.mofaga@gmail.com** मार्फत समेत पठाउनुहुन यस मन्त्रालयको मिति २०८१/०५/३१ को निर्णयानुसार अनुरोध छ।

नोटः नेपाल प्रशासनिक प्रतिष्ठानबाट प्राप्त पत्र यसै साथ संलग्न गरिएको छ । साथै, प्रशिक्षार्थी मनोनयन फाराम https://bit.ly/nasc-form बाट डाउनलोड गर्न सकिनेछ ।

(कुलशेखर अर्याल)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय : *वेबसाईटमा अपलोड गरिदिनुहुन।*